कालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ८ मितिः २०७७/११/२०

**भाग-२**

**कालिका गाउँपालिका**

## खानेपानी तथा सिंचाइ जलउत्पन्न प्रकोप नियन्त्रण कार्यविधि, २०७७

**प्रस्तावना :**

कालिका गाउँपालिका अन्तर्गतका वासिन्दाहरुलाई बर्षैभरि खानेपानी तथा सिंचाइ सेवा उपलब्ध गराउनका लागि बहुउद्धेश्यीय सतह भूमिगत जल उपयोग, नयाँ प्रविधिमा आधारित लिफ्ट सिंचाइ, लिफ्ट खानेपानी तथा सिंचाइ र खानेपानी प्रणालीको बिस्तार, प्रवर्द्धन तथा विकास गर्न, विगतमा विकास गरिएका खानेपानी तथा सिंचाइ संरचनाहरुबाट बर्षैभरि खानेपानी तथा सिंचाइ सुविधा उपलब्ध गराउनका लागि संभाव्यताका आधारमा अन्तर जलाधार जलस्थानान्तरण (Inter Basin Water Transfer) हुने आयोजना, जलाशययुक्त (Reservoir Based) आयोजनाको निर्माण गर्ने तथा स्थानीयस्तरमा उपलब्ध सतह तथा भूमिगत जलस्रोतको संयोजनात्मक उपयोग गर्न, जनसहभागितामूलक पद्धतिलाई प्रभावकारी रुपमा लागू गर्न उपभोक्ता संस्थालाई जिम्मेवार र उत्तरदायी तुल्याउन, संस्थागत सुदृढीकरण र पानीका स्रोत तथा तिनको प्रयोग तथा जलउत्पन्न प्रकोप नियन्त्रण गर्न गाउँपालिकाको पूर्वाधार सम्वन्धी ऐन २०७७ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी कालिका गाउँपालिका स्तरीय खानेपानी, सिंचाइ तथा जलउत्पन्न प्रकोप नियन्त्रण कार्यविधि, २०७७ जारी गरिएकोछ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम “खानेपानी, सिंचाइ तथा जलउत्पन्न प्रकोप नियन्त्रण कार्यविधि, २०७७” रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिका द्धारा स्वीकृत भए पछि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,**

(क) “गाउँपालिका” भन्नाले कालिका गाउँपालिकालाई सम्झनु पर्नेछ ।

(ख) “ऐन” भन्नाले पुर्वाधार विकास सम्वन्धी ऐन, २०७७ लाई सम्झनु पर्नेछ ।

(ग) “कार्यपालिका” भन्नले कालिका गाउँकार्यपालिकालाई सम्झनु पर्नेछ ।

(घ) “अध्यक्ष” भन्नाले कालिका गाउँपालिका का अध्यक्षलाई सम्झनु पर्ने छ ।

(ङ) “उपाध्यक्ष” भन्नाले कालिका गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्ने छ ।

(च) “स्थानीय जलश्रोत समिति” भन्नाले दफा १० बमोजिम गठित समितिलाई सम्झनु पर्नेछ ।

(छ) “निर्माण कार्य” भन्नाले कुनै योजना वा प्रणालीको सम्पूर्ण वा केही भागको निर्माण, पुनर्निर्माण, सुधार, मर्मत संम्भार

एवम् प्रणालीको सञ्चालन अन्तर्गत गरिने कार्यलाई बुझाउँदछ ।

(ज) "योजना" वा "प्रणाली" भन्नाले गाउँपालिका द्वारा वा स्थानीय लाभग्राही वा अन्य कुनै व्यक्ति वा संघसंस्थाले निर्माण गरेको वा गरिरहेको वा हुने तथा गाउँपालिकाको लगानी भइरहेको वा यस कार्यविधि वमोजिम हुने खानेपानी तथा सिंचाइ योजना वा प्रणाली तथा जलउत्पन्न प्रकोप सम्बन्धी योजनालाई बुझाउँदछ ।

(झ) "प्याकेजिङ्ग" भन्नाले संचालित योजना एउटै निर्माण कार्यलाई वा सो कार्यको प्रकृति, अवस्थिति, आदि हेरी निर्माण कार्यको लागत अनुमान पालिकास्तरबाट स्वीकृत हुने समयमै दुई वा दुईभन्दा बढी खण्डमा विभाजन गरी स्वीकृति गराउने कार्यलाई बुझाउँछ ।

(ञ) "उपभोक्ता" भन्नाले निश्चित लक्ष्य प्राप्त गर्न संचालित योजना वा प्रणालीबाट प्रत्यक्ष लाभान्वित हुने व्यक्ति वा सदस्यलाई बुझाउँदछ ।

(ट) "साधारण सदस्य" भन्नाले संचालित योजना वा प्रणालीबाट प्रत्यक्ष लाभान्वित हुने लाभग्राही परिवारको प्रतिनिधिलाई बुझाउँदछ ।

(ठ) "उपभोक्ता संस्था" भन्नाले निर्देशिकामा उल्लेख भए वमोजीका लक्ष्य प्राप्तीका लागि लाभग्राही वा सेवाग्राहीहरु सहभागी भई दफा-११ वमोजिम गठीत सस्थालाई बुझाउँछ ।

(ड) "उपभोक्ता समिति" भन्नाले दफा-११ वमोजिम गठीत संस्थाका पदाधिकारीहरु अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव लगायत अन्यसदस्यहरुलाई बुझाउँदछ ।

(ढ) "साधारण सभा" भन्नाले उपभोक्ता संस्थामा आवद्ध सम्पुर्ण सदस्यहरु सहभागी भै वार्षिक रुपमा गरिने पुर्ण भेलालाई बुझाउँदछ ।

(ण) "कुलो" भन्नाले मुल वा शाखा वा उपशाखा वा प्रशाखा वा कुनै खोला वाट निस्कने र ४ हे.सम्म क्षेत्रफललाई सिचाई सेवा पुचाउनेलाई बुझाउँदछ ।

(त) "साना सिचाई" भन्नाले १ हे. देखि २५ हे. सम्म क्षेत्रफललाई सिचाई सेवा पुचाउने आयोजनलाई बुझाउँदछ ।

(थ) "मझौला सिचाई" भन्नाले २६ हे. देखी ५०० हे.सम्म क्षेत्रफललाई सिचाई सेवा पुचाउने आयोजनालाई बुझाउँदछ ।

(द) "ठूला सिचाई" भन्नाले ५०१ हे. देखी १००० हे. सम्म क्षेत्रफललाई सिचाई सेवा पुचाउने आयोजनालाई बुझाउँदछ ।

(ध) "वृहत सिचाई" भन्नाले १००० हे. भन्दा वढी क्षेत्रफललाई सिचाई सेवा पुचाउने आयोजनालाई बुझाउँदछ ।

(न) "शाखा वा शाखा कार्यालय" भन्नाले गाउँपालिकाको खानेपानी तथा सिंचाइ जलउत्पन्न प्रकोप नियन्त्रण शाखा वा वडा कार्यालयहरुका उप शाखा वा तोकिए वमोजीमका शाखा उपशाखाहरुलाई समेत बुझाउँदछ ।

(प) "उपभोक्ता द्धारा संचालित प्रणाली" भन्नाले गाउँपालिका वा अन्य सरकारी निकाय वा गैर सरकारी सस्था वा कुनै दातृ निकाय द्धारा निमार्ण भई पुर्ण रुपमा उपभोक्ताद्धारा संचालित सिचाई प्रणलीलाई बुझाउँदछ ।

(फ) "परम्परागत सिचाई प्रणाली" भन्नाले कृषकहरु द्धारा निर्मित एवं संचालित नदी खोला तथा पानीका अन्य श्रोत वाट वाध वनाई कुलो, नहर पैनी वा टयूवेलको माध्यम द्धारा सतह वा भूमिगत पानी प्रयोग गरी खानेपानी तथा सिचाई गर्ने प्रणाली लाई बुझाउँदछ ।

(ब) "लिफ्ट खानेपानी वा सिचाई प्रणाली" भन्नाले जल उपयोग गर्नै पर्ने क्षेत्र भन्दा कम उचाईमा रहेको पानीको श्रोत वाट विद्युतिय वा अन्य उर्जाको प्रयोग गरी खानेपानी टंकी वा सिचाई गर्नु पर्ने कृषि भूमिमा पानी पुर्याउने आयोजनालाई सम्झनु पर्दछ ।

(भ) "भूमिगत खानेपानी वा सिचाई प्रणाली" भन्नाले डिप वोरिङ, टयूवेल, स्यालो टयूवेल, ईनार आदी वनाई जमिन मुनिको पानी तानेर खानेपानी वा सिचाईमा प्रयोग गर्ने प्रणालीलाई सम्झनु पर्दछ ।

(म) "संचालक" भन्नाले आयोजना प्रणाली सम्वन्धी निमार्ण र व्यवस्थापनका लागि निर्देशिकाले निर्दिष्ठ गरेको जिम्मेवार पदाधिकारी वा संस्थालाई सम्झनु पर्नेछ ।

(य) "सम्झौता" वा "खरीद सम्झौता" भन्नाले यसै उपभोक्ता संस्था मार्फत सञ्चालन गर्नको लागि कार्यालय र संस्थाबीच तोकिएका शर्तहरु मान्य हुने गरी गरिने लिखित करारनामा वा कबुलियतनामालाई सम्झनु पर्नेछ ।

(र) "साना खानेपानी" भन्नाले रु. १ करोड सम्म लागत लाग्ने खानेपानी आयोजना सम्झनु पर्दछु ।

(ल) "मझौला खानेपानी" भन्नाले रु. १ करोड देखि रु. ५ करोड सम्म लागत भएका खानेपानी आयोजनालाई सम्झनु पर्दछ ।

(व) "ठूला खानेपानी" भन्नाले रु.५ करोड देखि वढी लागत भएका खानेपानी आयोजनालाई सम्झनु पर्दछु ।

**३. उद्देश्य :**

१ कृषिमा उत्पादकत्व अभिवृद्धि गर्न टेवा पुऱ्याउनका लागि मुलुकमा उपलव्ध जलस्रोतको अधिकतम् उपयोग गरी सिंचाइ क्षेत्रको दिगो विकास एवं विस्तार गर्ने।

२ सिंचाइ तथा खानेपानी संरचनाहरुको उचित मर्मतसंभार, प्रभावकारी जलव्यवस्थापन, आधुनिकीकरण गर्ने तथा नयाँ

खानेपानी तथा सिंचाइ योजनाहरुको निर्माण गरी वर्षै भरी भर पर्दो सेवा पुऱ्याउने ।

३ सिंचाइ वा खानेपानीका लागि सतह तथा भूमिगत जलस्रोतलाई संयोजनात्मक रुपमा उपयोग गर्ने ।

४ संभाव्यताका आधारमा गाउँपालिकाको सवै क्षेत्रमा सिंचाइको संतुलित र सामनजस्ययुक्त विकास गर्ने।

५ बहुउद्देश्यीय जलाशय एवं अन्तर जलाधार जल स्थानान्तरण योजना लगायत सिंचाइ तथा खानेपानी सम्बन्धी प्रविधिको विकास तथा कार्यान्वयन गर्न सक्षम हुने गरी संगठनात्मक सुधार तथा जनशक्तिको क्षमता अभिवृद्धि गर्ने ।

६ निर्माण प्रणालीमा स्थानीय उपभोक्ता वा लाभग्राहिहरुमा अपनत्वको भावना जगाई गुणस्तरियता तथा दिगोपना सुनिश्चित गर्ने गराउने ।

७ उपभोक्ता वा लाभग्राहीको सार्थक सहभागिता गराउने ।

## ४. कार्यक्षेत्र:

१ सतह खानेपानी तथा सिंचाइ सम्वन्धी कार्यहरु

२ भूमिगत खानेपानी तथा सिचाई सम्वन्धी कार्यहरु

३ परम्परागत खानेपानी तथा सिचाई र नविनतम प्रविधिमा आधारित जलश्रोत सम्वन्धी कार्यहरु

४ नदी तटवन्ध तथा जलउत्पन्न प्रकोप नियन्त्रण र न्यूनीकरण सम्वन्धी कार्यहरु

## परिच्छेद-२

## आयोजना तथा उपभोक्ता संस्था मार्फत संचालन गर्नेसम्वन्धी व्यवस्था

## ५. उपभोक्ता संस्थावाट संचालन गर्न सकिने आयोजना सम्वन्धी व्यवस्था:

१ सार्वजनिक खरिद ऐन तथा नियमावलीमा उल्लेखित सिमा भित्रका ओजनाहरुका देहायबमोजिमका कार्यहरु ( आयोजनाहरु) उपभोक्ता संस्था मार्फत सञ्चालन गराउन सकिने छन ।

(क) श्रममूलक तथा स्थानीय क्षमता र स्रोतसाधनमा आधारित कार्यहरु

(ख) स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने कार्यहरु

(ग) अधिकतम उपभोक्ताहरु सहभागी हुनसक्ने प्रकृतिका कार्यहरु

(घ) यस प्रक्रियाबाट सम्पादन गराउदा मितव्ययी र दिगो हुनसक्ने प्रकृतिका कार्यहरु

२ उल्लेखित कुल लागत अनुमान रकममा मूल्य अभिवृद्धि करको रकम, ओभरहेड रकम, साधारण कन्टिन्जेन्सिको रकम, बीमा वापतको रकम तथा उपभोक्ताले व्यहोर्नुपर्ने अंश वापतको रकम समावेश हुनु पर्नेछ ।

३ उपभोक्ता मार्फत सञ्चालन गरिने कार्यहरुका हकमा देहायका विधिहरु अवलम्बन गरिने छन ।

(क) कूल लागत अनुमान स्वीकृति हुने क्रममै गाउँपालिकाको तर्फबाट व्यहोरिने कामको अंश र उपभोक्ताले जनसहभागिता वापत व्यहोर्नुपर्ने कामको अंश छुट्टिने गरी प्याकेजिङ्ग गर्नु पर्दछ तथा सोही प्याकेजिङ्ग बमोजिम कार्य सञ्चालन गर्नु पर्नेछ ।

(ख) कूल लागत अनुमान स्वीकृति हुने क्रममै गाउँपालिकाको तर्फबाट गरिने कार्यलाई उपभोक्ताले भुक्तानी पाउने गरी गर्ने कार्य र अन्य प्रक्रिया अपनाई गराउने कार्यमा विभाजन गरी सोही अनुसार सम्पादन गराउनु पर्नेछ ।

(ग) कूल लागत अनुमान स्वीकृत नभएका कार्यहरुका हकमा स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भएको बजेटलाई नै कूल लागत अनुमान मानी कार्य सम्पादन गराउनु पर्दछ ।

(घ) स्वीकृत कार्यक्रममा अलग अलग शीर्षकमा उल्लेखित विभिन्न कामहरुको आवश्यकता र औचित्यका आधारमा अलग अलग लागत अनुमान तयार गर्न सकिनेछ ।

(ङ) स्वीकृत कुल लागत अनुमान र प्याकेजिङ्गलाई खण्डित वा रिप्याकेजिङ्ग गरी काम गराउनु परेमा पालिकाको स्वीकृति अनिवार्य लिनुपर्नेछ ।

(च) गाउँपालकिाको निर्णय बमोजिम बोलपत्र मार्फत काम सम्पादन गराउँदा बचत भएको रकम प्रयोग गरी थप काम गराउनु परेमा यस कार्यविधि वमोजिम उपभोक्ता संस्थाद्वारा गर्न सकिने छ ।

४ जनसहभागिताको हकमा सिंचाइ, खानेपानी तथा

५ जलउत्पन्न प्रकोपसम्बन्धी कार्यहरुका पुर्वाधार विकास सम्वन्धी ऐन, २०७७ मा उल्लेख भए अनुसार हुनेछ । साथै सिचाई (कुलो पैनी निमार्ण स्थल) र खानेपानी टंकी निर्माण स्थलका लागि आवश्यक पर्ने जग्गा उपभोक्ताले नि:शुल्क रुपमा उपलब्ध गराउनु पर्नेछ र सो समेतलाई औचित्य हेरी जनसहभागिताको अंशमा समावेश गर्न सकिने छ ।

तर साना सिचाई सम्वन्धिका कार्यक्रम/आयोजनाहरु कृषि समुह, कृषि सहकारीहरुवाट संचालन गर्न वाधा पर्ने छैन ।

## ६. कार्यसञ्चालन गर्ने उपभोक्ता संस्थाको छनौटका आधारः

यस निर्देशिका बमोजिम तोकिएका कार्यहरु सञ्चालन गर्नका लागि देहाय बमोजिमका उपभोक्ता संस्थाहरु छनौट गर्न सकिनेछ

१ कार्यसञ्चालन गर्नका लागि कार्यालय र उपभोक्ता संस्थाबीच सम्झौता हुन अघि नै यसै कार्यविधि बमोजिम सम्बन्धित उपभोक्ता संस्थाको उपभोक्ता समिति यसै निर्देशिका वमोजिम गठित उपभोक्ता संस्था दर्ता वा नविकरण भएको हुनु पर्नेछ ।

२ तोकिएका कार्यहरु सञ्चालन गर्न श्रम, सीप र दक्षता एवं पूँजीगत तथा संस्थागत दृष्टिकोणले समेत उपभोक्ता संस्था सक्षम हुनु पर्नेछ ।

३ नयाँ निर्माण वा पुनर्निर्माण को हकमा सम्पादन गर्नुपर्ने कार्यको लागत अनुमान सम्बन्धित निकायबाट स्वीकृत भइसके पछि उपभोक्ताका तर्फबाट तोकिए बमोजिम व्यहोर्नु पर्ने नगद अंश बराबरको रकम गाउँपालिकाको वैक खातामा जम्मा गरी सो को भौचर सम्वन्धित शाखामा सम्झौता पुर्व पेश गरेको हुनु पर्नेछ ।

## ७. आयोजना पहिचान, अध्ययन तथा छनौटः

१ आयोजनाको विकास र निर्माण गर्दा प्राविधिक, सामाजिक, आर्थिक तथा वातावरणीय पक्षको अध्ययन गरी निर्दिष्ट मापदण्डका आधारमा पहिचान तथा छनौट गरिनेछ ।

२ सामाजिक न्याय, सन्तुलित विकास, वातावरणीय सन्तुलन, विविधीकरण, व्यवसायीकरण र बढी आर्थिक प्रतिफल दिने कुरालाई ध्यानमा राखी आयोजनाको छनौट गरिनेछ । यसका साथै बर्षैभरि पानी उपलब्ध गराउन सक्षम हुने गरी भूमिगत र सतह जलस्रोतको संयोजनात्मक उपयोगका संभाव्यतालाई समेत आयोजना छनौटको आधारका रुपमा लिइनेछ । यसरी आयोजना छनौट गर्दा आवश्यकता अनुसार सरोकारवाला निकाय, वडा कार्यालय तथा कृषि शाखा सँग समन्वय गरिनेछ ।

३ जलश्रोत सम्बन्धी गुरुयोजना र राष्ट्रिय जलस्रोत रणनीति अनुरुप एक जलाधार क्षेत्रको पानी अर्को जलाधार क्षेत्रमा प्रयोग गर्न आयोजनाको सम्भावनालाई समेत मध्य नजर राखी हरेक जलाधार क्षेत्र भित्र बहुउद्देश्यीय लाभ प्राप्त हुने प्रकृतिका आयोजनाको अध्यावधिक सूची तयार गर्नुका साथै तिनको प्राथमिकता क्रमका आधारमा कार्यान्वयन गर्ने ।

४ खानेपानी तथा सिंचाइ प्रणालीले पुऱ्याउने सेवाको अनुगमन गर्दा पानीको परिमाण, बस्तीको सघनता, सिंचित क्षेत्रफल, वाली सघनता, उत्पादन तथा उत्पादकत्व वृद्धि, उपभोक्ता संस्थाको आर्थिक स्थिति र कार्यक्षेत्रमा हुन सक्ने परिवर्तनलाइ आधार मानिनेछ ।

५ गाउँपालिका र उपभोक्ता संस्थाको सक्रिय संलग्नतामा जलाधार क्षेत्र भित्र रहेका तथा सम्भाव्य प्रणालीको विस्तृत आधारभूत तथ्याङ्क तयार पारी स्थानीय स्तरमा आवधिक योजना बनाइने ।

६ एकीकृत जलाधार व्यवस्थापनको अवधारण अनुरुप आयोजना छनौट गर्ने ।

७ गाउँपालिका जल उपभोक्ता संस्था तथा स्थानीय समुदाय समेतको सहयोगमा ठूला तथा मझौला आयोजनाको अध्ययन गरी कार्यान्वयन गरिनेछ ।

८ खानेपानी तथा सिंचाई क्षेत्रको विकास, विस्तार तथा लगानीमा भौगोलिकता तथा क्षेत्रीय समानता र सन्तुलनका आधारमा आयोजनालाई प्राथमिकता दिने ।

९ सूचना, शिक्षा र संचारका विधिको माध्यमबाट उपभोक्तालाई आयोजना छनौट कै चरण देखि प्रत्यक्ष सहभागी गराइनेछ ।

## ८. गाउँपालिका स्तरिय संचालन गर्न सकिने अन्य आयोजना सम्वन्धी व्यवस्थाः

१ यस क्षेत्रको विकास तथा बिस्तार सम्बन्धी चुनौतीहरुलाई सम्बोधन गर्न नदी जलाधारक्षेत्रको एकीकृत विकास तथा व्यवस्थापन समेत हुने गरी गाउँपालिका स्तरमा खानेपानी तथा सिंचाइ गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।

२ गाउँपालिकाले सिंचाइ सुविधा प्राप्त क्षेत्रलाई सिंचित क्षेत्र घोषणा गर्नेछ । घोषित सिंचित क्षेत्रभित्रको जग्गा गैरकृषि प्रयोजनका लागि उपयोग गर्नु पूर्व आवश्यकता अनुसार गाउँपालिकाको अनुमति अनिवार्य रुपमा लिनु पर्नेछ ।

३ सिंचाइ सुविधा प्राप्त क्षेत्रमा कृषि उत्पादन वढाउनको लागि सरोकारवाला सरकारी/गैरसरकारी निकायसँग आवश्यक समन्वाय, सहकार्य र साझेदारी गरि नयाँ आयोजनाहरु संचालन गर्न पहल गरीनेछ ।

४ भौगोलिक र धरातलीय भिन्नताको आधारमा विविध प्रकृतिको सिचाइ प्रविधि, संरचना र स्रोतको आवश्यकता र महत्वलाई उचित तवरले दृष्टिगत गरी तिनीहरु सबैको उच्चतम उपयोग गर्दै यस क्षेत्रमा थप अध्ययन र अनुसन्धानको कार्यहरु संचालन गरिनेछ ।

५ खानेपानी तथा सिंचाइ सम्वन्धी आयोजना तर्जुमा गर्दा एकीकृत जलस्रोत व्यवस्थापनका सिद्धान्तलाई अवलम्वन गरिनेछ ।

६ मौसमी वर्षाको पुरक को रुपमा विकसित सिंचाइ प्रणालीलाई वर्षैभरि सिंचाइ सुविधा पुऱ्याउन जलाशय निर्माण, वर्षाको पानी संचय गर्ने पद्धतिको अवलम्वन र भूमिगत जलस्रोतको विकास, संरक्षण, सम्बर्द्धन र उपयोग गरिनेछ । वर्षमा जम्मा हुने पानीको समुचित निकास को व्यवस्था गर्दै लगिनेछ ।

७ उपलब्ध भूमिगत जल भण्डारलाई महत्वपूर्ण स्रोतको रुपमा विकास र उपयोग गरी आवश्यक संरक्षण गरिनेछ ।

८ गुणस्तरीय खानेपानी तथा सिंचाइ प्रणालीहरुको निर्माण, मर्मत, संचालन तथा व्यवस्थापनमा निजी क्षेत्र, सहकारी समूह तथा समुदायलाई सहभागी गराउने कार्यक्रमहरु संचालन गरीनेछ ।

९ खाली बाँझो तथा पर्ती जग्गामा सिंचाइ क्षेत्र विस्तार गरी गरिवी न्यूनीकरण गर्न जोड दिइनेछ ।

१० जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्न जलवायु जोखिम व्यवस्थापन एवं प्रकोप जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नुका साथै अनुकूलन मा जोड दिइ कार्यक्रम संचालन गरिनेछ ।

११ खानेपानी तथा सिंचाइ क्षेत्रमा लैङ्गिक समानता, सकारात्मक विभेदको अन्त्य तथा सामाजिक समावेशीकरण सुनिश्चित गरिनेछ ।

परिच्छेद-३

## आयोजना संचालन,उपभोक्ता संस्था गठन, दर्ता एवं व्यवस्थापन

### ९. आयोजना सञ्चालनका लागि प्रस्ताव आह्वान/सूचना प्रकाशन :

यस निर्देशिका अनुसार देहाय बमोजिम सूचना प्रवाह गरि आयोजनाहरु संचालन गरिनेछ ।

१ शाखाले प्रत्येक आ.व.मा आफु अन्तर्गतको कार्यक्रम स्वीकृत भएपछि सरोकारवालाहरुको जानकारीको लागि सोको विवरण सार्वजनिक गरी सुचना प्रकाशन गर्नु पर्नेछ ।

२ सम्बन्धित उपभोक्ता संस्थाले सम्बन्धित पालिकाको शाखामा कार्यसञ्चालनका लागि प्रस्ताव पेश गर्न सक्नेछ ।

३ प्रस्ताव साथ आफूले गर्न चाहेको कामको विवरण, सो कामको लागत मध्येबाट आफूले व्यहोर्न तयार रहेको अंश तथा सोको प्रकृति (नगद, जनश्रमदान आदि), काम सम्पन्न गर्न आवश्यक रहेको समय तथा अन्य आवश्यक कुराहरु खुलाउनु निवेदन प्रस्ताव पेश गनु पर्नेछ ।

४ प्रस्ताव प्राप्त भएपछि शाखाले उपभोक्ता संस्थाका पदाधिकारी समेतको संलग्नतामा स्थलगत अध्ययन, पानीको अग्राधिकार अन्य उपभोक्ताले सो को उपयोग गरे नगरेको अवस्था, सम्पादन गर्नुपर्ने कार्यको लागत अनुमान, कामको प्रकृति, समय सिमा, उपलब्ध बजेट आदि समेतमा छलफल गर्नेछ ।

५ शाखाले यस कार्यविधिको दफा-६ र दफा-७ बमोजिम कामको प्रकृति, उपभोक्ता संस्थाको छनौट, आयोजनाको पहिचान, अध्ययनका आधारहरुको आकलन गरी उक्त काम आयोजना उपभोक्ता संस्थाबाट गराउन उपयुक्त रहे नरहेको निर्क्यौल गरी सो को लिखित सूचना उपभोक्ता संस्थालाई दिनेछ ।

६ शाखाले आयोजनाको पुर्ण विवरण, सो को परिमाण तथा लागत अनुमान, उल्लेखित लागत बमोजिम उपभोक्ताले व्यहोर्नुपर्ने लागतको अंश र सो को प्रकृति, काम सम्पन्न गरि सक्नु पर्ने समय सिमा एवं अन्य आवश्यक कुरा खुलाई लिखित रुपमा सम्बन्धित उपभोक्ता संस्था संग अनुसुची -१, वमोजीमको अन्तिम प्रस्ताव माग गर्नेछ ।

७ दफा (९) उपदफा (५) बमोजिम उपभोक्ता संस्थाद्वारा काम गराउन उपयुक्त रहेको लिखित सूचना दिईएको वा अनुसुची-१, वमोजिमको प्रस्ताव साथ १५ (पन्ध्र) दिनभित्रै सम्बन्धित उपभोक्ता संस्था दर्ता वा नवीकरण गराई प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

८ दफा (९) को उपदफा (७) बमोजिम पेश भएको उपभोक्ता संस्थालाई शाखाले सम्बन्धित आयोजना सञ्चालन गर्नका लागि सम्झौता गर्नेछ ।

९ यसरी सम्झौता भएको आयोजना कुनै ठेक्का, वोलकवुलमा अन्य व्याक्ती वा संस्थालाई दिन पाईने छैन ।

### १०. स्थानीय जलश्रोत समितिको गठन तथा काम कर्तव्य र अधिकार

१. कालिका गाउँपालिकामा जलस्रोत सम्बन्धि उपभोक्ता संस्था दर्ता तथा जलश्रोत सम्बन्धि कार्यको अनुमती प्रदान गर्न तपशिल बमोजिमको स्थानीय जलस्रोत समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) गाउँ पालिका अध्यक्ष | अध्यक्ष |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक | सदस्य |

(घ) कृषि शाखा प्रमुख — सदस्य
(ङ) वन तथा वातावरण शाखा प्रमुख — सदस्य
(च) योजना शाखा प्रमुख — सदस्य
(छ) प्राविधिक शाखा प्रमुख — सदस्य
(ज) प्रमुख प्रशासकिय अधिकृत — सचिव

नोट : समितिले आवश्यक ठानेमा कुनै विषयविज्ञलाई समेत बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

२. स्थानीय जलस्रोत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

- गाउँपालिकामा जल उपभोक्ता संस्था दर्ताका लागि पेश भएका निवेदनहरु उपर जाँचबुझ गरी आवश्यक निर्णय गर्ने ।
- दर्ता भै क्रियाशिल रहेका जल उपभोक्ता संस्थाद्धारा भएका कार्यहरुको स्थलगत अनुगमन गरी सुधारका लागि आवश्यक सल्लाह सुझाव प्रदान गर्ने ।
- जलस्रोत उपयोग सँग सम्बन्धित कार्यहरु गर्न आवश्यक सल्लाह र सुझाव गाउँ कार्यपालिका तथा सम्बन्धित उपभोक्ता संस्थालाई दिने ।
- जलस्रोत उपयोग सँग सम्बन्धित समस्याहरुको समाधानका लागि विभिन्न कार्यहरु गर्ने गराउने ।
- जलस्रोत उपयोगका लागि गठित जल उपभोक्ता संस्थाहरुको क्षमता विकासका लागि आवश्य कार्यक्रमहरु संचालन गर्ने गराउने ।

**११. उपभोक्ता संस्था गठन, दर्ता तथा व्यवस्थापनः**

१ उपभोक्ता संस्थाको एउटा विधान हुनेछ ।

२ उपदफा (१) बमोजिमको विधानमा देहायका कुराहरु समावेश भएको हुनु पर्नेछ ।

(क) उद्देश्य तथा कार्य क्षेत्र,
(ख) सदस्यताको लागि योग्यता,
(ग) सदस्यताको शुल्क र सदस्यता प्रदान गर्ने विधि,
(घ) सदस्यताको अयोग्यता,
(ङ) साधारण सभाको अधिवेशन,
(छ) साधार(ा सभाको काम, कर्तव्य, र अधिकार,
(ञ) कार्य समितिको गठन,
(झ) कार्य समितिको बैठक,
(ट) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार,
(ठ) विभिन्न तह वा क्षेत्रमा समुह वा उपसमुहहरु गठन
(ड) निर्वाचन सम्बन्धी व्यवस्था,
(ढ) अविश्वासको प्रस्ताव,
(ण) आर्थिक श्रोत,
(त) चल अचल सम्पत्तिको विवरण,
(थ) कोष,
(द) लेखा परीक्षण ।
(ध) विधानमा संशोधन ।
(न) विनियम बनाउन सक्ने ।
(प) अन्य आवशयक कुराहरु ।

३ उपभोक्ता संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले पाँचसय रुपैया दस्तुर, उपभोक्ता संस्थाको दुई प्रति विधान र मुहान दर्ता भइसकेको भए दर्ताको प्रमाण पत्र वा नभएको भए स्रोतको विवरण सहित सधियारहरु वा मुहान आसपासका वा मुहान संग सरोकार राख्ने स्थानिय वासीहरु सहभागी भई मुहान विवाद नभएको सम्वन्धित वडा कार्यालयद्धारा सरजमिन मुचुल्का गराई गाउँपालिकाको खानेपानी सिंचाइ तथा जलउत्पन्न प्रकोप नियन्त्रण शाखा वा तोकिएको शाखा समक्ष अनुसुची-२, वमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

४ दफा १० (३) बमोजिम दरखास्त प्राप्त भएपछी ऐन र यस कार्यविधि बमोजिम दरखास्तसाथ पेश गर्नु पर्ने आवश्यक

कागजात, विवरण वा प्रतिवेदन पेश गरेको वा नगरेको सम्बन्धमा गाउँपालिकाले जाँचबुझ गर्नु पर्नेछ

५ दफा १०(४) बमोजिम दरखास्तको साथमा आवश्यक कागजात नपुग भएमा मुनासिव माफिकको समय तोकी दरखास्त वालालाइ कागजात पेश गर्न सूचना दिनु पर्नेछ।

६ उपभोक्ता संस्था गठन गर्दा खानेपानी तथा सिचाई क्षेत्रभित्र रहेका उपभोक्ताहरु मध्येवाट ३३ (तेत्तिश) प्रतिशत महिलाको सहभागिता हुने गरी दलित, उत्पीडित, पिछडिएका वर्ग समुदाय र जनजाति समुदाय तथा सिमान्तकृत कृषक वा उपभोक्ता समुदायहरुको उचित प्रतिनिधित्व रहनु पर्नेछ।

७ मुहान समेतको उपभोत्ता संस्था दर्ताका लागि प्राप्त दरखास्त आवेदन माथि सम्वन्धित शाखाले परियोजना निर्माण वा संचालन गर्दा कुनै उल्लेखनीय प्रतिकूल असर पर्ने वा कोहि कसैको हकभोग भए नभएको वा दावी विरोध भए उजुरी गर्न १५ दिने सार्वजानीक सुचना प्रकाशन गर्ने छ।

८ उप दफा ७ बमोजिम सुचना अनुसार कसैको उजुरी पर्न नआएमा उपभोक्ता संस्थाले विकास गर्न प्रस्तावित गरेको परियोजना आर्थिक तथा प्राविधिक दृष्टिकोण समेतबाट उपयुक्त भए नभएको जाँचबुझ गरी सो सम्बन्धमा अन्य सम्बन्धित निकायसँग परामर्श गर्न आवश्यक भए परामर्श लिई परियोजना विकास गर्न उपयुक्त देखिएमा स्थानीय जलश्रोत समितिको निर्णय बमोजिम दरखास्तवालालाई अनुसूची-३ बमोजिम गाउँपालिकाले उपभोक्ता संस्था दर्ताको प्रमाण पत्र र अनुसूची ४ बमोजिमको जलश्रोत उपयोगको प्रमाण पत्र दिनेछ तर उल्लेखनीय प्रतिकूल असर देखिएमा सो को न्यूनिकरण गर्ने उपायहरुको अवलम्बन गर्नेगरी परियोजना संचालन अनुमति दिने वा उल्लेखनीय प्रतिकूल असर न्यूनिकरण गर्ने चित्त बुझ्दो उपाय नभएमा श्रोत उपयोगमा गाउँपालिकाले प्रतिवन्ध लगाउन सक्नेछ।

९ उपदफा (७) बमोजिम उजुरी, उपदफा (८) वमोजीम जाँचबुझ, परामर्श गर्दा उपभोक्ता संस्था दर्ता गर्न नमिल्ने भएमा दरखास्तवालालाई त्यसको कारण सहितको जानकारी दिईनेछ।

१० उपभोक्ता संस्था दर्ता भए पछि उपभोक्ता संस्थाले उपयोग गर्न तोकिएको हद सम्मको परिमाण बराबरको पानीमा उपभोक्ता संस्थाको अधिकार कायम रहनेछ।

११ आयोजना/प्रणाली संचालनका लागि उपभोक्ता संस्था दर्ता पश्चात सस्थाको मूल लाइन वा कुलो देखी शाखा वितरण लाइन वा कुलो सम्मको विभिन्न तहमा वा क्षेत्रमा समुह वा उपसमुहहरु गठन गराइ आयोजना/प्रणाली प्रभावकारीरुपले कार्यान्वयन, संचालन र व्यवस्थापनमा सहभागी गराउन सकिनेछ।

## १२. उपभोक्ता संस्थाको काम कर्त्तव्य र अधिकारः

उपभोक्ता संस्थाका काम, कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१ गाउँपालिकाबाट प्राप्त सूचना तथा जानकारी उपभोक्ताहरुलाई गराउने।

२ गाउँपालिकाबाट गरिने विभिन्न कार्यमा सघाउने साथै कार्यसञ्चालनका क्रममा कार्यालयबाट प्राप्त निर्देशन/सुझाव पूर्णरुपले पालना गर्ने गराउने।

३ सम्झौता अनुसारका कार्यहरुको आफ्नो तर्फबाट समेत सुपरिवेक्षण गरी गुणस्तर नियन्त्रण गर्ने व्यवस्था मिलाउने; त्यसका लागि संस्था गठनकै समयमा वा गठन पश्चात् प्रचलित कानून बमोजिम आवश्यकतानुसार निर्माण उपसमिति, अनुगमन तथा गुणस्तर उपसमिति, आदि गठन गर्ने।

४ सम्झौता बमोजिमका कार्यहरुमा बढीभन्दा बढी उपभोक्ताहरुलाई सहभागी गर्ने गराउने व्यवस्था मिलाउने।

५ सम्झौता बमोजिमका कार्यहरुमा पारदर्शिता तथा गुणस्तर कायम राख्ने।

६ गाउँपालिकाको तर्फबाट खटिएका पदाधिकारी, कर्मचारीको प्रत्यक्ष सल्लाह र रेखदेखमा काम गर्ने।

७ संस्थाले प्राप्त गरेको नगद भुक्तानी, जनसहभागिता, खर्चको विवरण तथा पालिकाबाट समयसमयमा माग भएका अन्य विवरणहरु पालिकालाई सहजरुपमा उपलब्ध गराउने।

८ कार्यसम्पन्न पश्चात् आम्दानी तथा खर्चको विवरण, सम्पादित कार्यहरुको परिमाण तथा तिनको गुणस्तर साधारण सभाबाट अनुमोदन गराई सोको अभिलेख पालिकालाई उपलब्ध गराउने।

९ आफूले गरेका कारोबारको समयमै लेखापरीक्षण गराउने।

१० योजना/प्रणालीका लागि जग्गाको आवश्यकता भएमा सोको नि:शुल्क व्यवस्था गर्ने।

११ स्थानीयस्तरमा कुनै समस्या आइपरेमा पालिकाको सहयोग लिई वा नलिई सो को समाधानको व्यवस्थ गर्ने

१२ सम्पन्न कार्यमा कुनै त्रुटी देखा परेमा पालिकाको निर्देशन बमोजिम त्रुटी सच्याइ सुधार गर्ने।

१३ सम्झौता भएका कार्यहरु सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ तथा अन्य प्रचलित नियम कानूनहरुको अधिनमा रही काम गर्ने ।

१४ जल उपभोक्ता संस्थाहरुले प्रचलित कानून अनुसार वार्षिक लेखा परिक्षण संस्था दर्ता, नवीकरण अनिवार्य गर्ने ।

१५ पुर्वधार विकास सम्वन्धी ऐन, २०७७ र यस कार्यविधिले निर्दिष्ठ गरेका अन्य कार्यहरु गर्ने गराउने ।

**१३. कार्य संचालनका लागि खरिद सम्झौता :**

देहायका विवरणहरु साथ द्विपक्षीय सम्झौता गरिनेछ ।

१ सम्पादन गर्नु पर्ने कामको विवरण, प्रकृति, कुल लागत अनुमान, सो मध्ये गाउपालिका र उपभोक्ताले तोकिए अनुसार व्यहोर्नु पर्ने अंश, प्रकृति तथा समय सीमा निर्धारण गरि उपभोक्ता संस्था र शाखा बीच तोकिएका कार्यहरु गर्न गराउन अनुसूची-४ बमोजिम सम्झौता गरिनेछ ।

२ सम्पन्न गर्नु पर्ने कार्यहरुको आइटम वाइज दररेट सहितको परिमाणहरुको बिजक तथा उपभोक्ता संस्थाले सम्पादन गरेका कार्यहरुको भुक्तानी गर्दा कट्टा गर्नु पर्ने श्रमदान तथा अन्य योगदान, ओभरहेड, आदि बापतको अंश ।

३ कार्यालयले सम्बन्धित कार्यको सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण गर्ने, नापजाँच गर्ने तथा अन्य आवश्यक प्राविधिक सल्लाह सहयोग उपलब्ध गराउने ।

४ सम्झौता बमोजिमका कार्यहरु उपभोक्ता संस्थाले आफैंले गर्नु पर्ने तथा सोको जिम्मा कुनै निर्माण व्यवसायी वा फर्मलाइ दिन नहुने ।

५ सम्पन्न कार्यको भुक्तानीको शर्त र तरिका ।

६ सम्झौता बमोजिमका कार्यहरुको बीमा गर्नु पर्ने वा नपर्ने तथा त्यसको विवरण ।

७ त्रुटी सच्याउने/भूल सुधार गर्ने समयावधि र उक्त समयावधि सम्मका लागि कट्टा गरेर राखिने धरौटीको अंश प्रतिशत ।

८ कार्य सम्पन्न पश्चात् ती कामहरु लगायत योजना/प्रणालीको सञ्चालन तथा मर्मत सम्भार गर्ने जिम्मेवार निकायहरुको विवरण तथा अन्य आवस्यक कार्यहरु ।

**१४. उपभोक्तालाई क्षमता विकास तथा अभिमुखीकरण तालीम दिनुपर्नेः**

उपभोक्ता संस्था संग सम्झौता पस्चात गाउँपालिकाले देहायका विषयहरुमा अभिमुखीकरण तालीमको व्यवस्था गर्नु पर्नेछ ।

१ उपभोक्ता संस्थाको काम, कर्त्तव्य र अधिकार

२ सम्पादन गर्नु पर्ने कामको विवरण तथा लागत

३ उपभोक्ताले व्यहोर्नु पर्ने अंश र सोको विवरण

४ खपत हुने निर्माण सामाग्रीहरु तथा तिनको गुणस्तर बारे जानकारी एवं तिनको मोटामोटी परिमाण

५ कामको सुपरिवेक्षण तथा गुणस्तर एवं तिनको कार्यान्वयन प्रक्रिया

६ वित्तीय व्यवस्थापन तथा वित्तीय जवाफदेहिता

७ योजना व्यवस्थापन, कार्यालय व्यवस्थापन तथा अभिलेख व्यवस्थापन

८ सामाजिक समावेशीकरण तथा अन्य आवश्यक विषयहरु

## परिच्छेद-४
## जनसहभागिता, श्रोत परिचालन एवं संचालन व्यवस्था

**१५. उपभोक्ता, जनसहभागिता तथा स्रोत परिचालनः**

१ आयोजना कार्यान्वयनका हरेक चरणमा उपभोक्ता संस्थाको प्रत्यक्ष सहभागिता र लगानीमा जोड दिदै सञ्चालित आयोजना/प्रणालीको मर्मत र संचालनको जिम्मेवारी क्रमिक रुपमा उपभोक्ता संस्थालाई हस्तान्तरण गरिनेछ ।

२ आयोजनालाई आवश्यक पर्ने जग्गा सम्बन्धित उपभोक्ताले उपभोक्ता संस्थालाई हस्तान्तरण गर्नु पर्नेछ । यसरी हस्तान्तरित जग्गाको प्रचलित दर बमोजिमको मूल्य कायम गरी उपभोक्ताले आयोजना निर्माणमा व्यहोर्नु पर्ने लागत सहभागितामा समायोजन गरिनेछ । तर सार्वजनिक जग्गामा निर्माणहुने संरचनाको हकमा त्यस्तो जग्गाको मूल्य समायोजन गरिने छैन ।

३ हस्तान्तरित जग्गाको मालपोत मिनाहा र लगत कट्टाका लागि आयोजना/प्रणाली सम्बन्धित कार्यालयले कारवाही चलाउनेछ ।

४ आयोजना निर्माणको लागत अनुमानमा गाउँपालिका तथा उपभोक्ताले व्यहोर्ने लगानीको अंश अनुसूची-१ बमोजिम गणना गरी प्रत्येक आयोजनाले आफ्नो प्रतिवेदन (Project Appraisal) मा उल्लेख गर्नुपर्नेछ र सो अनुसार उपभोक्ता संस्थाले व्यहोर्ने अंश अनिवार्यरुपमा व्यहोर्नु पर्नेछ।

५ मझौला तथा साना आयोजनाको पहिचान, सर्वेक्षण, डिजाइन, इष्टिमेट तथा निर्माणका लागि आवश्यकतानुसार उपभोक्ता संस्थाका साथै गाउँपालिका, संघिय वा प्रदेश सरकार, गैरसरकारी एवं स्थानीय सामुदायिक संस्थाको पनि सहयोग जुटाइनेछ।

६ खानेपानी वा सिंचाइको विकास, बिस्तार र उपयोगमा प्रयोग हुने सरकारी स्वामित्वमा रहेका ठूला र भारी उपकरण ( हेभी इक्विपमेन्ट) को सेवा सःशुल्क यथा सम्भव उपलब्ध गराइने छ।

७ आयोजना निर्माणमा स्थानीय रुपमा आइ पर्ने वाधा अड्चन फुकाउने दायित्व उपभोक्ता संस्थाको हुनेछ। खानेपानी तथा सिंचाइ संग सम्बन्धित निकायले यस कार्यमा उपभोक्ता संस्थालाई आवश्यक सहयोग गर्नेछ।

८ खानेपानी तथा सिंचाइ आयोजनाकै स्वामित्वमा रहेका जग्गा तथा अन्य स्रोतबाट सम्भाव्य आय वृद्धि गर्ने र त्यस्ता स्रोतबाट प्राप्त आय, आयोजना र सम्बन्धित जल उपभोक्ता संस्था मार्फत खानेपानी तथा सिंचाई प्रणालीको मर्मतसंभारको लागि प्रयोग गर्ने व्यवस्था मिलाइनेछ।

**१६. प्रणाली व्यवस्थापन :**

१ व्यवस्थापन प्रयोजनकालागि प्रणालीलाई निम्नानुसार वर्गीकरण गरिएकोछ।

(क) उपभोक्ताद्वारा संचालित

(ख) परम्परागत सिंचाइ प्रणाली

(ग) सरकारी वा गैरसरकारी निकायद्वारा उपभोक्ता संस्थालाई हस्तान्तरित प्रणाली

(घ) गाउँपालिका द्वारासञ्चालित प्रणाली

(ङ) गाउँपालिका र उपभोक्ता संस्थाको संयुक्त व्यवस्थापनमा सञ्चालित प्रणाली

(च) गाउँपालिका र उपभोक्ता संस्थाको संयुक्त व्यवस्थापनमा संचालित प्रणाली

(छ) निजीस्तरमा संचालित प्रणाली

२ उपभोक्ताको माग अनुसार पुनर्निर्माण/सुधार गरिएका र उपभोक्ताद्वारा संचालित प्रणालीको सिंचाइ व्यवस्थापन संबन्धित जल उपभोक्ता संस्थाले गर्नेछ।

३ गाउँपालिका वा नेपालसरकारद्वारा सञ्चालित ठूला तथा बृहत खानेपानी तथा सिंचाइ प्रणालीमा मुख्य लाइन वा कुलेसो देखि वितरण लाइन वा प्रशाखा नहर सम्मको खानेपानी तथा सिंचाइ संरचनाको मर्मतसम्भार तथा सञ्चालन गर्ने सम्पूर्ण जिम्मेवारी उपभोक्ता संस्थाको हुनेछ । उपशाखा र शाखा संरचना उपभोक्ता संस्थाको सहभागितामा गाउँपालिकाले मर्मतसम्भार तथा सञ्चालन गर्नेछ। सो भन्दा माथिका ठुला संपूर्ण संरचनाको मर्मतसंभार नेपाल सरकार वा गाउँपालिकाले गर्नेछ। तर हस्तान्तरित प्रणालीहरुको हकमा मर्मतसंभार तथा संचालन कार्य हस्तान्तरण संबन्धी व्यवस्था संझौतामा उल्लेख भए अनुसार हुनेछ।

४ कुनै पनि खानेपानी तथा सिचाइ प्रणालीको पूर्ण व्यवस्थापन हस्तान्तरण मूल उपभोक्ता संस्थालाई गरिनेछ।

५ साना तथा मझौला जलश्रोत योजना/प्रणालीहरुको निर्माण वा सुदृढीकरण पश्चात ती प्रणालीको व्यवस्थापनको जिम्मा संबन्धित जल उपभोक्ता संस्थाकै हुनेछ।

६ कुनै मझौला प्रणालीमा अन्तर्निहित प्राविधिक वा अन्य जटिलताको कारण उपभोक्ता संस्थाले पूर्ण जिम्मेवारी निर्वाह गर्न सम्भव नदेखिएका प्रणालीलाई योजना सम्पन्न भएको निश्चित समयको लागि उपभोक्ता संस्था र गाउँपालिकाले संयुक्त रुपमा संचालन गर्ने व्यवस्था मिलाइनेछ।

७ आयोजना कार्यान्वयनको शुरु देखि नै हस्तान्तरणका लागि गर्नु पर्ने पूर्व तयारीको रुपमा उपभोक्ता संस्थाका संस्थागत विकास र उनीहरुको आर्थिक क्षमता वृद्धि गर्दै लगी निर्माण सम्पन्न भएका प्रणाली उपभोक्ता संस्थालाई हस्तान्तरण गरिनेछ।

८ नेपाल सरकार वा गाउँपालिकाद्वारा निर्माण गरिएका र हाल नेपाल सरकार वा उपभोक्ता संस्था वा संयुक्त व्यवस्थापनमा संचालित मझौला तथा ठूला प्रणालीमा नेपाल सरकारको तर्फबाट गरिदै आएको नियमित व्यवस्थापनको जिम्मेवारी उक्त प्रणालीको सम्पत्ति व्यवस्थापन योजना (Asset Management Plan ) बनाएर जल उपभोक्ता संस्थासँग सझौता गरी क्रमिक रुपमा हस्तान्तरण गरिनेछ। यस्तो हस्तान्तरण सम्बन्धी कार्य जल उपभोक्ता संस्थाको प्राविधिक क्षमता, प्रणालीको दिगो व्यवस्थापनका लागि स्रोतको व्यवस्था र मागको आधारमा गरिनेछ।

९ बहुउद्देश्यीय योजनाको निर्माण र व्यवस्थापनमा खानेपानी, सिंचाइ, विद्युत र खानेपानी लगायत अन्य उपयोगको समानुपातिक लगानी र प्रतिफलको आधारमा संचालन गर्ने व्यवस्था गरिनेछ।

१० एक जलाधार वा उपजलाधार क्षेत्रभित्रको बस्तीलाइ खानेपानी उपभोगबाट बढी भएको र सम्पूर्ण सिंचाइ योग्य भूमिलाई आवश्यक पानी छुट्याएर मात्र अर्को जलाधार या उपजलाधार क्षेत्रमा खानेपानी तथा सिंचाइ प्रयोजनका लागि पानी लैजान पाउने व्यवस्था गरिनेछ ।

## १७. सिंचाइ सेवा शुल्क र आय स्रोतका अन्य उपायः

१ गाउँपालिकाले खानेपानी वा सिंचाइ सुविधा उपलब्ध गराएकोमा खानेपानीको उपयोग र सिंचित जग्गाको उत्पादकत्व र वित्तीय मूल्यांकन समेतलाई विचार गरी प्रणालीको संचालन तथा मर्मतसंभारका लागि उपभोक्ता संस्था समेतको सहभागितामा सेवा शुल्क उठाउने व्यवस्था गर्नेछ । यसप्रकारको शुल्क गाउँपालिकामा र उपभोक्ता संस्थाको कोषमा गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए वमोजिम वाडफाँट गरी रहनेछ ।

२ ठूला तथा बहुउद्देश्यीय आयोजना कार्यान्वयन गर्न आवश्यक स्रोत जुटाउन गाउँपालिकाले सर्वसाधारण, स्थानीय उपभोक्ता तथा बैंक एवं वित्तिय संस्थाहरुलाई कानूनी व्यवस्थाका आधारमा सेयर जारी गर्न सक्नेछ ।

## १८. मर्मत संभार र प्रणाली सञ्चालनः

१ आयोजनाको निर्माण, विस्तार, नवीकरण एवं सुधार गर्दा बस्ती तथा सिंचित क्षेत्रको आधारमा समानुपातिक हिसाबले पानी वितरण गरिनेछ ।

२ हस्तान्तरित प्रणालीको मर्मत, संभार सञ्चालन गर्ने दायित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ ।

३ निर्माण सम्पन्न भएका सबै सिंचाइ प्रणालीहरुमा एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रम जस्ता उत्पादन बृद्धि गर्ने कार्यक्रमहरुलाई प्राथमिकताका साथ संचालन गरिनेछ ।

४ परम्परागत रुपमा निर्माण भइ संचालनमा रहेका आयोजनाहरुको मर्मतसंम्भारको लागि सहयोग मागभै आएमा गाउँपालिकाले आवश्यकता हेरी आर्थिक अनुदान तथा प्राविधिक सहयोग उपलव्ध गराउन सक्नेछ ।

५ प्राविधिक समस्याको गाम्भीर्यतालाई दृष्टिगत गरी कुनै मर्मतसंम्भारको कार्यमा परामर्श सेवाको लागि माग भै आएमा गाउँपालिकाले त्यस्तो सेवा उपलब्ध गराउन सक्नेछ ।

६ अप्रत्यासित रुपले कुनै प्रणालीमा ठूलो हानी नोक्सानी हुन गई उपभोक्ताको काबु बाहिरको परिस्थिति हुन आएमा गाउँपालिकाले त्यस्ता प्रणालीको पुनर्स्थापनाको हद सम्म राहत सहयोग उपलब्ध गराउन सक्नेछ ।

७ संयुक्त व्यवस्थापनमा रहेका प्रणालीको मर्मतसंभारको काम संम्झौता अनुरुप गरिनेछ ।

परिच्छेद-५

# जवाफदेही, जिम्मेवारी, समुह, संघ संस्था तथा वातावरण संरक्षण

## १९. जवाफदेही र जिम्मेवारीः

१ सम्बन्धित शाखाले उपभोक्ता संस्था द्धारा सम्पादित गरेका कार्यहरुको नापजाँच गरी भुक्तानीको व्यवस्था मिलाउने तथा सोको लगत राखी आवधिक प्रगति विवरण तयार गर्ने र सो सिलसिलामा संस्थाले जनश्रमदानको रुपमा वा भुक्तानी पाउने गरी सम्पादन गरेको कामको समेत नापी किताबमा अनिवार्य रुपमा चढाउने व्यवस्था मिलाउने ।

२ संस्थाबाट कार्यसम्पन्न पश्चात् सो कार्यको अन्तिम नापी गराई शाखाबाट संस्थाले भुक्तानी लिएको रकम तथा श्रमदानको अंशबाट गरिएका कार्यहरु, नगद र जिन्सी समेत कुल खर्चको विवरण प्राप्त गर्ने व्यवस्था मिलाउने र सोको अभिलेख राख्ने ।

३ कार्यसम्पन्न पश्चात् सम्पादित कामको स्वामित्व निहित रहने निकाय एवम् तिनको सञ्चालन तथा मर्मत सम्भारका लागि जिम्मेवार निकाय समेत निर्क्यौल गरी सम्पादित काम/योजना/प्रणाली हस्तान्तरण गर्नु पर्ने भए सोको व्यवस्था मिलाउने ।

४ पालिका संग औपचारिक रुपमा संझौता भए पछि सोको आधारमा गाउँपालिकाले आयोजनामा लगानी गर्ने ।

५ उपभोक्ता संस्थाले संझौता अनुरुप गर्नु पर्ने काम संझौतामा उल्लेखित समयमा पूरा नगरेमा गाउँपालिकाले लगानी स्थगित गरी उपभोक्ता संस्थाले जम्मा गरेको रकम समेत रोक्का गर्न सक्नेछ र रकम रोक्का भएको निर्णयको सूचना उपभोक्ता संस्थालाई अविलम्व दिइनेछ ।

६ यस कार्यविधि अन्तर्गत प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय दृष्टिकोणले उपयुक्त ठहरिएका ठूला तथा बृहत ठूला आयोजना, भूमिगत जलश्रोत, लिफ्ट जलश्रोत तथा नयाँ प्रविधि (Non-Conventional) सिंचाइ आयोजनाहरुको विकास गर्ने जिम्मेवारी संघिय तथा प्रदेश सरकारको हुनेछ । साना तथा मझौला सिंचाइ आयोजनाको विकास र निर्माण गाउँपालिकाद्वारा संचालन तथा कार्यान्वयन गरिनेछ ।

७ विभिन्न निकाय द्वारा जलश्रोको विकास निर्माण गरे/गराए तापनि त्यसको संपूर्ण सूचना तथा अभिलेख संबन्धित निकायले गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

## २०. व्यक्ति, समूह वा गैरसरकारी संघ/संस्थाः

१ निजी क्षेत्रको लगानीबाट आयोजना निर्माण तथा संचालन गर्ने संस्था वा व्यक्तिले अनुमतिपत्रको माध्यमबाट त्यस्तो आयोजनाको विकास गरी सःशुल्क सेवा उपलब्ध गराउन सक्नेछ ।

२ परम्परागत रुपमा स्थानीय कृषकद्वारा संचालित प्रणालीलाई गाउँपालिकाले संचालनको पूर्ण स्वतन्त्रताको प्रत्याभूती दिनेछ ।

**२१. वातावरण संरक्षण एवं जल गुणस्तर व्यवस्थापनः**

१ आयोजना निर्माणबाट पर्न सक्ने वातावरणीय नकारात्मक प्रभावन्यून हुने गरी आयोजना सम्पन्न गरिनेछ । यसका लागि सरकारी, गैरसरकारी र स्थानीयस्तरमा आवश्यक सक्षमता र जनचेतना अभिवृद्धि गरिनेछ ।

२ आयोजनाबाट वातावरणमा पर्न सक्ने नकारात्मक असरका सम्बन्धमा सार्वजनिक सुनुवाइ (Public Hearing) तथा सामाजिक परीक्षण (Social Auditing) लाई मुख्य आधार बनाई प्रचलित कानूनको अधिनमा रही आवश्यकतानुसार वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरण परीक्षण गरिनेछ । वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरण परीक्षणले सिफारिस गरेका प्रमुख सुझावहरुलाइ योजना निर्माण कार्य सँग आवद्ध गरी संचालन गरिनेछन् ।

३ कुनै मुहान वा खोला/खहरेबाट खानेपानी तथा सिंचाइको लागि पानी प्रयोग गर्दा त्यस्ता मुहान वा खोला/खहरेमा आवश्यक पर्ने न्यूनतम जलस्तर कायम हुने गरी पानी छोडेर बाँकी पानीमात्र खानेपानी वा सिंचाइको लागि उपयोग गरिनेछ ।

४ वातावरणमा नकारात्मक असर नपर्ने गरी पानीको समुचित उपयोग गर्नुका साथै जल गुण सम्बन्धी अनुगमन, अध्ययन तथा अनुसन्धानात्मक कार्यहरु सञ्चालन गरिनेछन् ।

५ खानेपानी तथा सिंचाइ आयोजना संचालन गर्दा प्रभावित क्षेत्र भित्र नदी कटान, बाढी, पैह्रो आदिबाट हुनसक्ने क्षतिबाट प्रणालीको सुरक्षाका लागि गरिने कार्यहरु आयोजनाको मर्मत संभार कार्यको लागतमा समावेश गरी गरिनेछन् । बदलिँदो प्राकृतिक र सामाजिक परिस्थितिलाइ ध्यानमा राखी आयोजनाको निर्माण, व्यवस्थापन, संरक्षण र उपयोग विधिमा व्यापक जनचेतना अभिवृद्धि गर्ने ।

६ आयोजना तथा कार्यक्रम संचालन गर्दा स्थानीय तहमा रहेका वातावरण मैत्री तालतलैया, पोखरी, सिमसार तथा मूल (Spring) हरुको संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्य संबन्धित निकाय सँग समन्वय गरी सञ्चालन गरिनेछन् ।

**२२. प्रविधि विकास तथा प्राविधिक जनशक्ति व्यवस्थापनः**

१ उपलब्ध स्रोत, संरचना र प्रविधिको प्रभावकारी उपयोग गर्नुको साथै सीमान्त कृषि भूमिमा समेत सिंचाइ सुविधा विस्तारका लागि भूमिगत तथा सतह जलस्रोतको संयोजनात्मक उपयोग एवं फोहरा, थोपा सिंचाइ, ताल तलाउ तथा पोखरी जस्ता आधुनिक प्रणालीको विकास र विस्तार गरिनेछ ।

२ देशमा विद्यमान सिंचाइ विकास, बिस्तार र व्यवस्थापन सम्बन्धी अनुभव र सीपलाई औपचारिक शिक्षा प्रणालीमा समावेश गर्न संम्वन्धित निकाय सँग समन्वय गरि लागु गर्ने ।

३ नयाँ प्रविधिमा आधारित आयोजनाहरुको विकास र क्षमता विकास (Capacity Building) समेतलाई विशेष महत्व दिई कार्यान्वयन गर्ने ।

४ सिंचाइ सम्बन्धी सूचना प्रणालीको विकास गर्न आवश्यक साधन स्रोत तथा प्रविधि उपलब्ध गराउदै विभिन्न उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने तथा आदान प्रदान गर्ने ।

५ प्रत्येक आयोजनाको सम्भाव्यता अध्ययन अवस्थामानै तालिम, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कनको आवश्यकता पहिचान गरी समुचित बजेट र जनशक्तिको व्यवस्था गर्ने ।

परिच्छेद-६

## समन्वय, प्रोत्साहन, अनुगमन, मुल्याङकन तथा भुक्तानी

**२३. समन्वय र सामन्जस्यः**

जलश्रोत संरचनाले चर्चेको क्षेत्रमा भएका रुखविरुवा तथा अन्य जायजेथा माथिको स्वामित्व, दायित्व र त्यसको उपयोगको जिम्मेवारी र जवाफदेही प्रचलित कानून बमोजिम हुनेछ । सिंचाइ प्रणालीहरुको नहर एवं कुलोको डिलमा बृक्षारोपणको सन्दर्भमा सम्वन्धित जल उपभोक्ता समितिले सम्बन्धित सिंचाई तथा बन कार्यालयको समन्वयमा काम गर्नेछ ।

१ जलश्रोतको दिगो विकासका निमित्त आवश्यक अनुसन्धान, अध्ययन तथा तालिमको काममा स्थानीय गैरसरकारी क्षेत्रको संलग्नता बढाउँदै उपभोक्ता संस्था तथा निजी क्षेत्रको संस्थागत विकासमा सहयोग पुर्‍याइनेछ ।

२ सम्भाव्य जलश्रोत विकासको लागि विभिन्न नदी घाटीका जल बहाव क्षमताको तथ्याङ्कलाई जल तथा मौसम विज्ञान विभागसँगको समन्वय र सहकार्यमा अद्यावधिक गरिनेछ ।

३ जलश्रोत विकास, बिस्तार र व्यवस्थापन कार्यक्रमलाई खानेपानी/कृषि विकास कार्यक्रमसँग आवद्ध गर्न आयोजनाको

पहिचान र छनौटको काम देखि कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका काममा समेत खानेपानी/ सिंचाइ, कृषि शाखा तथा पूर्वाधार विकास शाखा बीच निकटस्थ कार्यगत एकता र सामन्जस्य कायम राखिनेछ ।

४ स्थानीय तहबाट हेडवर्क्स तथा इन्टेक निर्माण गरिने तथा आधुनिक प्रविधिको उपयोग गरी खानेपानी तथा साना सिंचाइ आयोजनाहरु निर्माण गरिने ।

५ सक्रिय उपभोक्ता रहेको, वर्षै भरि खानेपानी तथा सिंचाइ सेवा प्रदान गर्न सक्ने (Priority Package Program) प्रणालीको सिचाई कृषि शाखाबाट सञ्चालन गर्ने ।

६ खानेपानीका मुहान संरक्षण गर्न मुहान वरपर बृक्षारोपण, बनजंगल संरक्षण, भल कटान, पहिरो नियन्त्रण जस्ता कार्य गाउँपालिकाले निरन्तरता दिनेछ ।

## २४. प्रोत्साहन तथा सहुलियतः

१ भूमिगत जलस्रोत र लिफ्ट सिंचाइमा प्रयोग हुने विद्युतको महशूलमा संघिया सरकारले व्यवस्था गरे बमोजिम विशेष सहुलियत उपलब्ध गराइनेछ ।

२ गाउँपालिका क्षेत्र भित्रका खानेपानी तथा सिंचाइका उत्कृष्ट संरचना निर्माण, सञ्चालन तथा व्यवस्थापन कार्यमा संलग्न उपभोक्ता संस्थाहरु लाई प्रोत्साहन स्वरुप वार्षिक रुपमा कदर पत्र सहित पुरस्कृत गरिनेछ ।

३ खानेपानी संरचना निर्माण तथा नहर, कुलो तथा कुलेसो निर्माण एवं व्यवस्थापन गर्न उपभोक्ता संस्थाले सो कार्यका लागि प्रयोग गर्ने भारी उपकरण आयात गर्ने भए सो आयात गर्दा लाग्ने आयात शुल्क र दस्तुरमा सहुलियत दिने व्यवस्था गरिनेछ ।

## २५. अनुगमन तथा मूल्याङ्कनः

१ जलश्रोतको दिगो र भर पर्दो सेवाको अनुगमन तथा मूल्याङ्कन गर्न गाउँपालिका स्तरीय खानेपानी तथा सिंचाइ जल उपभोक्ता महासंघको प्रतिनिधि समेत समावेश भएको एक गाउँपालिका स्तरिय सिंचाइ अनुगमन समिति गठन गरिनेछ । खानेपानी तथा सिंचाई सम्बन्धी कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्दा सोही स्तरका उपभोक्ता संस्थाका प्रतिनिधि तथा शाखाको सहभागीता हुनेछ ।

२ सम्झौता अनुसार आयोजना निर्माण तहमा गुणस्तर एवं प्रभावकारिता कायम गर्न मापदण्ड अनुसार कार्यसम्पादन भए नभएको वारेमा कुनै पनि समयमा शाखा वा गाउँपालिकाबाट अनुगमन हुन सक्नेछ, सोको लागि उपभोक्ता संस्थाले सहजीकरण गर्नु पर्नेछ ।

३ अनुगमनका क्रममा वा अन्य समयमा कुनै समस्या आइपरेको खण्डमा गाउँपालिकाले आवश्यक निर्देशनहरु दिन सक्नेछ, उक्त निर्देशनहरु पूर्णरुपमा पालना गर्नु उपभोक्ता संस्थाको कर्त्तव्य हुनेछ ।

## २६. भुक्तानी प्रक्रियाः

१ सम्पादित कामको भुक्तानी माग गर्दा उपभोक्ता संस्थाले सम्पादित कामको प्राविधिक मूल्याङ्कन एवम् बिजकका साथ खर्च प्रमाणित गर्ने बिल, भर्पाइ तथा अन्य कागजात संस्थाको बैठकबाट अनुमोदन गराई पेश गर्नु पर्नेछ ।

२ पालिकाको प्रतिनिधिबाट सम्पन्न कार्यको नापजाँच वा कार्यसम्पन्न पश्चात् अन्तिम नापीको समयमा उपभोक्ता संस्थाको तर्फबाट तोकिएको प्रतिनिधि उपस्थित हुनु पर्नेछ, तर निज उपस्थित नभएकै कारणले उक्त कार्यमा बाधा पुगेको मानिने छैन ।

३ भुक्तानी गर्दा तोकिएको जनसहभागिताको समानुपातिक अंश कट्टा गर्नुपर्नेछ । सम्पूर्ण जनसहभागिता अन्तिम भुक्तानी गर्नुअघि नै फछ्र्यौट भइसक्नु पर्नेछ ।

४ उपभोक्ता संस्थाले भुक्तानी माग निवेदन गर्नु अगावै भए गरेको कामको सार्वजनिक सुनुवाइ गर्नु पर्नेछ, भुक्तानी लिएपछि आफूले गरेको खर्चको विवरण वडा कार्यालयको सूचना पाटी र सार्वजनिक स्थानमा टाँस गर्नु पर्नेछ ।

५ उपभोक्ता संस्थालाई गरिने भुक्तानी संस्थाको बैंक खाता मार्फत हुनेछ ।

६ संस्थाले जनश्रमदानको रुपमा वा भुक्तानी पाउने गरी सम्पादन गरेको कामको विवरण समेत नापी किताबमा अनिवार्य रुपमा चढाउनु पर्नेछ ।

## २७. म्याद थप गर्न सक्नेः

१ दफा ९ बमोजिम प्रकृया पुरा गरी सम्झौता भई कार्यसञ्चालनका क्रममा तोकिएको समय सीमा म्यादभित्र कार्य सम्पन्न नहुने स्थिति देखेमा उपभोक्ता संस्थाले उक्त म्याद तामेल हुनुभन्दा कम्तीमा ७ दिनअघि शाखा मार्फत पालिकामा थप म्यादका लागि निवेदन दिन सक्नेछ ।

२ निवेदन साथ सम्पन्न भइसकेको कार्यको विवरण, गर्न बाँकी रहेको कामको विवरण, थप म्यादभित्र काम सम्पन्न गर्ने गरी तयार गरिएको कार्यतालिका, म्याद थप गर्नुपर्ने औचित्य, आदि समेत खुल्ने गरी कागजात् पेश गर्नु पर्नेछ ।

३ त्यस्तो निवेदन प्राप्त भएपछि कार्यालयले सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५६ तथा सार्वजनिक खरीद

नियमावली, २०६४ को नियम १२० अनुसार कारवाही अगाडि बढाउनु पर्नेछ ।

४ माथि जेजस्तो कुरा लेखिएको भएतापनि एउटा आर्थिक वर्षबाट आर्को आर्थिक वर्षमा म्याद जाने गरी म्याद थप गरिने छैन ।

## परिच्छेद-७
## विविध

### २८. विवाद समाधान सम्वन्धी व्यवस्थाः

खरीद सम्झौता बमोजिम कार्यसञ्चालन गर्ने क्रममा उपभोक्ता संस्था मातहत समुह उपसमुह तथा शाखा बीच कुनै विवाद उत्पन्न भई आपसी छलफलबाट समेत समाधान हुन नसकेको खण्डमा सम्बन्धित गाउँपालिकाको न्यायिक समितिमा लिखित उजुर गर्न सक्नेछ । उक्त न्यायीक समितिको निर्णय नै अन्तिम हुनेछ ।

### २९. निर्देशिका थपघट वा हेरफेर गर्न सक्नेः

गाउँकार्यपालिकाले आवस्यक ठानेको जुनसुकै समयमा यस निर्देशिकाको आवश्यकता अनुसार समयानुकूल थपघट तथा हेरफेर गर्न सक्नेछ ।

### ३०. खारेजी तथा वचाउः

१ यो निर्देशिकालागू भएपछि संघिय सरकार प्रदेश सरकार मातहत गठन भई संचालनमा रहेका सम्पूर्ण खानेपानी तथा सिचाई सम्वन्धिका आयोजना, कार्यहरु यसै निर्देशिका वमोजिम भएको मानिने छ । तर यो निर्देशिका लागू हुनुअघि नै सम्झौता भई सञ्चालनमा रहेका आयोजनाहरुका हकमा भने सोही समयका निर्देशिका वमोजिम प्रक्रियानुसार नै कार्यसम्पादन गर्न गराउन सकिनेछ । विगत विभिन्न कानुन बमोजिम गठन भै दर्ता भएका जल उपभोक्ता संस्थाहरुको हकमा सक्कल खिची प्रमुख प्रशासकीय अधिकृतले कैफियत खुलाई गाउँपालिकाको प्रमाण पत्र जारी गरिनेछ ।

२ यस निर्देशिकाका कुनै प्रावधानहरु जलस्रोत ऐन, २०४९, सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली, २०६४, वा संघिय सरकारका प्रचलित नीति नियमावली वा निर्देशिका संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

३ असल नीयतले गरिएका कामको बचाउ यसै निर्देशिका अनुसार गरिएको मानिने छ ।

४ यस निर्देशिकामा नसमेटिएका कुराहरु जलस्रोत ऐन, २०४९, सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली, २०६४, अनुसार हुनेछ ।

**३१. वातावरण संरक्षणः** सम्बन्धित पक्षहरुबाट वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ विपरीतका कार्यहरु गर्नु गराउनु हुँदैन ।

**३२. नविकरणः** दर्ता भएका जल उपभोक्ता समितिहरु तोकिएको दस्तुर तिरी प्रत्येक आ.व.को पहिलो चौमासिक भित्र देहायको कागजातहरु पेश गरी नविकरण गराउनुपर्नेछ ।

१. गत आ.व. सम्मको लेखापरिक्षण प्रतिवेदन (लेखा परिक्षकको नविकरण भएको देखिने लाइसेन्स, एब्ल दर्ताको फोटोकपी समेत)

२. सम्वन्धित उ.स.को दर्ता प्रमाण पत्र र एब्ल दर्ताको फोटोकपी सहित गत आ.व.को करचुक्ता प्रमाण पत्रको फोटोकपी

३. सम्बन्धित उ.स.को साधारण सभा गरिएको माइनोटको फोटोकपी

४. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र र उ.स.को नविकरण गरिपाउँ भन्ने निवेदन ।

नोट : साविक जिल्ला जलस्रोत समितिमा दर्ता भएकाहरुको हकमा सक्कलै दर्ता प्रमाण पत्र र प्रमाणित विधान समेत संलग्न गर्नुपर्नेछ ।

## अनुसूची-१

उपभोक्ताले व्यहोर्नु पर्नेअंशको तालिका

तालिका नं. १

| सिंचाइ योजना/प्रणालीको किसिम | टंकी, मुहानको काममा लागतको प्रतिशत | मूख्य लाइन वा मूल नहरको काममा लागतको प्रतिशत | शाखा/उपशाखा/प्रशाखा नहर वा लाइनको लागतको प्रतिशत | लागतको प्रतिशत |
|---|---|---|---|---|
| (क)नयाँ निर्माण | | | | |

| | | | | |
|---|---|---|---|---|
| ठूला/बृहत/बहुउद्देश्यीय खा.पा/ सि.आयोजना | ० | ० | ० | ३ |
| मझौला खा.पा./ सि.आयोजना | ० | ० | ३ | ५ |
| साना खा/पा, सि.आयोजना | १५ | | | |
| (ख)सुदृढीकरण | | | | |
| ठूला/बृहत/बहुउद्देश्यीय खा.पा, सि.आयोजना | ० | ० | ३ | ५ |
| मझौला खा.पा/ सि.आयोजना | ० | ० | ५ | ७ |
| साना खा.पा./ सि.आयोजना | ७ | | | |
| मर्मतसंभार (AMIS,FMIS) | १० | | | |

तालिका नं. २

| नयाँ प्रविधि (नयां निर्माण) | मुहानको काममा लागतको प्रतिशत | मूल प्रवाहक/स्टोरेज टेंक/मेनपाइपको काममा लागतको प्रतिशत | वितरण प्रणाली/स्प्रीङ्कलर/ ड्रीपपाइपको काममा लागतको प्रतिशत |
|---|---|---|---|
| नयां प्रविधिमा आधारित सि.प्र.तथा माइको इरिगेशन | ० | ५ | २५ |

तालिकानं. ३

| भूमिगत सिंचाइ | ट्युववेल,पम्प र पम्पहाउसको काममा लागतको प्रतिशत | वितरण प्रणालीको काममा लागतको प्रतिशत | विद्युतीकरणको काममा लागतको प्रतिशत |
|---|---|---|---|
| (क)नयाँ निर्माण | | | |
| डीप ट्युववेल | ३ | ५ | ० |
| (ख)सुदृढीकरण | | | |
| डीप ट्युववेल सुदृढीकरण/आवधिक मर्मत | ५ | २० | ० |

तालिकानं.३.१

| भूमिगत सिंचाइ / खानेपानी | ट्युववेल जडान | पम्प तथा वितरण प्रणालीको काममा लागतको प्रतिशत | विद्युतीकरणको काममा लागतको प्रतिशत |
|---|---|---|---|
| नयाँ निर्माण | | | |
| स्यालो ट्युववेल | ० | ५० | ० |

तालिकानं.४

| लिफ्ट/वैकल्पिक उर्जा सिंचाइ / खानेपानी | सम्पवेलर पम्प हाउसको काममा लागतको प्रतिशत | मूल नहर/मेन पाइप/ स्टोरेज टैंक | वितरण प्रणालीको काममा लागतको प्रतिशत | विद्युतीकरणको काममा लागतको प्रतिशत |
|---|---|---|---|---|
| (क)नयां निर्माण | | | | |
| साना तथा मझौला | ० | ५ | १० | ० |
| ठूला तथा वृहत | ० | ० | १० | ० |
| (ख)सुदृढीकरण | | | | |
| ठूला तथा वृहत प्रणालीहरुको सदृढीकरण/आवधिक मर्मतसंभार | ० | ५ | १५ | ० |

द्रष्टव्य:

१. भूमिगत डिप बोरिङ खानेपानी र सिचाइतर्फ स्यालो तथा डीप ट्युववेलको विद्युत महशूल र संचालन खर्च सम्बन्धित जल उपभोक्ता संस्थाले ब्यहोर्नु पर्नेछ ।

२. खडेरी, बाढी, पहिरो, अनिकाल जस्ता अप्रत्यासित प्राकृतिक प्रकोपहरुको प्रभाव कम गर्न त्यस्ता क्षेत्रहरुमा गाउँपालिका वा संघिय सरकारले तत्काल खानेपानी तथा सिचाइका विशेष कार्यक्रम संचालन गर्न सक्नेछ।

३. आयोजना निर्माणका लागि आवश्यक जग्गा संबन्धित जल उपभोक्ता संस्थालेनै उपलब्ध गराउनु पर्नेछ।

**अनुसुची-२**

दफा १० (३) संग सम्वन्धित

संस्था दर्ता आवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
कालिका गाउँपालिकाको कार्यालय
धैवुङ, रसुवा।

महोदय,

हामी तपसिल उपभोक्ताले पूर्वाधार विकाश ऐन, २०७७, खानेपानी तथा सिंचाइ तथा जलउत्पन्न प्रकोप नियन्त्रण कार्यविधि, २०७७ को अधिनमा रहि देहायको मुहान र उपभोक्ता सदस्य रहने गरि संस्थाको २ प्रति विधान सहीत यो निवेदन पेश गर्दछौ।

१ उपभोक्ता समितिको नाम र ठेगाना: .............................
२ उपभोक्ता समितिको उद्देश्य: ................................
३ मुहान रहेको स्थान नाम/ठेगाना: .....................
४ उपलब्ध पानीको परिमाण: ..................
५ आयोजना लागत मुल्य:..................
६ आयोजना शुरु गर्ने मिति:..................
७ उपभोक्ताले आयोजनमा व्यहोर्नु पर्ने अंश तालिका (अनुसुची-१):..................
८ अन्य कागजातहरु
क) सम्पूर्ण सदस्यहरुको नागरिकताको प्रतिलिपी ख) लाभान्वीत घरधुरी संख्या र क्षेत्रफल विवरण:
ख) सरजमिन मुचुल्का र वडा कार्यालयको सिफारिस (मुहान दर्ता नभएमा)
घ) संस्था दर्ता अधिकार प्रत्ययोजन

उल्लेखित व्यहोरा ठिक साचो हो झुटो ठहरे कानून बमोजिम सहुँला वुझाउला भनि सहिछाप गर्ने:
सहि:
नाम:
पद:
ठेगाना:
मिति:
संस्थाको नाम र छाप:

**अनुसुची-३**

दफा १० (८) संग सम्वन्धित

कालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धैवुङ, रसुवा
वागमती प्रदेश, नेपाल

## जल उपभोक्ता संस्था दर्ता प्रमाण-पत्र

दर्ता नम्वर:
मिति:

पूर्वाधार विकास सम्बन्धी ऐन, २०७७, को दफा ८ र खानेपानी तथा सिंचाइ जलउत्पन्न प्रकोप नियन्त्रण निर्देशिका, २०७७ को परिच्छेद ३ को दफा १० को उपदफा ८ वमोजिम श्री ..................... ................................................ जल उपभोक्ता संस्था दर्ता गरि यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

प्रमाण-पत्र दिने अधिकारीकोः

सहिः

नामः

पदः

कार्यालयको छापः

## नविकरण

| नविकरण मिति | प्रमाण पत्र वाहल रहने मिति | दस्तुर/रसिद नं. | नविकरण गर्ने अधिकारीको नाम/हस्ताक्षर |
|---|---|---|---|
| | | | |

**अनुसुची-४**

दफा १२ संग सम्वन्धित

उपभोक्ता संस्था संग गरिने सम्झौता पत्र

कालिका गाउँपालिका ............. शाखा (पहिलो पक्ष) र ........................................................... उपभोक्ता संस्था (दोश्रो पक्ष) बीच ........................................................ आयोजना/प्रणाली/काम सम्पन्न गर्न भएको सम्झौता-पत्र

योजना/कार्यक्रमको नाम : ..................................योजना/प्रणाली वा कामको नाम : ......................................

संस्थाको नाम : ........................उपभोक्ता संस्था ठेगाना : ........................... जम्मा सम्झौता रकम रु. .........उपभोक्ता समितिले जनश्रमदान वापत गर्नुपर्ने कार्य रु. ......................................

उपभोक्ता समितिले कार्य गरे वापत भुक्तानी हुने रकम रु. ..................................

काम शुरु गर्नुपर्ने मिति : ............................ काम सम्पन्न गर्नुपर्ने मिति : ..................................

शर्तहरुः

१. सबै कामहरु इन्जिनियरिङ्ग नर्म्स्, प्राविधिक नक्शा, संलग्न प्राविधिक स्पेसिफिकेसन एवं शाखा वा पालिकाले तोकेको निर्देशनानुसार गर्नुपर्नेछ ।

२. सम्झौता बमोजिमको कार्य उपभोक्ता संस्था आफैले गर्नु पर्नेछ ; निर्माण व्यवसायी वा अन्य माध्यमबाट गराउन पाउने छैन ।

३. त्रुटी सच्याउने/भूल सुधार गर्ने अवधि सम्पूर्ण कार्य सम्पन्न भएका मितिले .... दिनको रहनेछ ।

४. संस्थाले पाउने प्रत्येक भुक्तानीबाट ....% रकम धरौटी बापत कट्टा गरिनेछ । यसरी कट्टा गरिएको रकम त्रुटी सच्याउने अवधिभर त्रुटि सच्याइसके पछि र सो अवधि तामेल भइसके पछि संस्थालाई फिर्ता गरिनेछ ।

५. उपभोक्ता संस्थाले कार्यालयबाट भुक्तानी पाएको रकम दुरुपयोग गरेको बुझिन आएमा छानबीन गरी दुरुपयोग भएजति रकम संस्थाका संलग्न पदाधिकारीबाट दामासाहीले सरकारी बाँकी सरह असूलउपर गरिनेछ ।

६. कुनै कारणवश काम सम्पन्न गर्नुपर्ने मितिभित्र संस्थाले कार्य सम्पन्न गर्न नसकेमा सो काम सम्पन्न गर्नु पर्ने म्यादभन्दा कम्तीमा ७ दिन अगावै कार्यालयमा उचित कारण खुलाई म्याद थपका लागि निवेदन दिनु पर्नेछ जसउपर कार्यालयबाट सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५६ तथा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२० मा व्यवस्था भए बमोजिम कारवाही बढाइनेछ । तर एक आर्थिक वर्षबाट आर्को आर्थिक वर्षमा म्याद जाने गरी म्याद थप गरिने छैन ।

७. सम्पन्न कार्यको मर्मत संभार तथा संचालन नियम बमोजिम सम्बन्धित उपभोक्ता संस्था(..%)/कार्यालय(..%) वा .................. ले गर्नु पर्नेछ ।

८. सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ र ११ मा उल्लेख भएको अभिलेख उपभोक्ता संस्थाले अनिवार्य रुपमा राखी भुक्तानी माग गर्दा सोको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

९. उपभोक्ता संस्थाबाट संचालन हुने निर्माण कार्यमा लोडर, एक्स्काभेटर, डोजर जस्ता भारी उपकरणहरु प्रयोग गर्न पाइने छैन ।

१०. उपभोक्ता संस्थाले सम्पादित कार्यको भुक्तानी माग गर्दा सो साथ प्राविधिक मूल्याङ्कन, बिल, भरपाइ र खर्चलाई प्रमाणित गर्ने कागजात सो संस्थाको बैठकबाट अनुमोदन गराई पेश गर्नु पर्नेछ ।

११. अन्य विषयको हकमा प्रचलित ऐनकानून तथा पालिकाको निर्देशनअनुसार हुनेछ ।

उपरोक्त बमोजिमको काम यसै साथ संलग्न परिमाणहरुको बिजक (Bill of Quantities) मा उल्लेख भए बमोजिमको आइटमवाइज

परिमाण र दरअनुसार गर्ने गराउने कुरामा दुबै पक्ष मन्जूर भई आज मिति .............................. का दिन सहीछाप गरिदियौं लियौं ।

| उपभोक्ता संस्थाको तर्फबाट | कार्यालयको तर्फबाट |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| मिति : | मिति : |
| साक्षी : | साक्षी : |

**प्रमाणीकरण मितिः** २०७७/११/१२

**स्वीकृत मितिः** २०७७/११/१०

**आज्ञाले,**

यादव प्रसाद सापकोटा

प्रमुख प्रशासकीय अधिकृत